# लिड विषाक्तता



HEALTHY HOMES
& LEAD POISONING
PREVENTION PROGRAM

# खानेपानीमा लिड

## आफ्नो पानीको परीक्षणको नतिजा पर्खदै गर्दा...

*लिडको सम्भावित जोखिमबाट बच्न तपाईंले केही सरल कदमहरू चाल्न सक्नुहुन्छ*

- हरेक बिहान प्रयोग गर्नु भन्दा अगाडि एक मिनेटको लागि चिसो पानी बग्न दिनुहोस् । यसो गर्दा पाइपमा रातभर बसेको पानी बगेर जान्छ । साथै तपाईं आफ्नो घरबाट बाहिर गएर आउँदा धाराको पानी बगाउनुहोस् ।



- पिउन र खाना बनाउनको लागि धाराको चिसो पानी मात्र प्रयोग गर्नुहोस् । यदि तपाईंलाई तातो पानी आवश्यक परेमा धाराबाट चिसो पानी लिनुहोस् र त्यसलाई स्टोभ वा माइक्रोवेभमा तताउनुहोस् ।
- आफ्नो पानीको परीक्षणको नतिजा प्राप्त नगर्दा सम्म शिशु तथा सानो बच्चाहरूका लागि शिशुको फर्मुला तथा खाना तयार गर्न बोतलको पानी प्रयोग गर्नुहोस् ।
- पानीलाई उमाल्दा यसले लिडलाई हटाउँदैन । यसो गर्दा अवस्था झन् खराब हुन सक्छ ।

## पानीमा लिड (सिसा) का श्रोतहरू

घरमा प्रवेश गर्नुभन्दा पहिला लिड पानीमा विरलै पाइन्छ तर तपाईंको घरमा गरिएको प्लम्बिङ तपाईंको पानीमा लिड ल्याउनमा सहायक हुनसक्छ । पाइपहरूमा पानी रातभर रहँदा बिहान वा छ घण्टा भन्दा बढी समय सम्म रहँदा तपाईंको पानीमा पाइने सबैभन्दा पहिलो कुराको रूपमा लिड पाइने सम्भावना सबैभन्दा बढी हुन्छ ।

## आफ्नो पानीको परीक्षण गराउनुहोस्

### तपाईंले पानीमा रहेको लिड देख्न, सुँघ्न वा चाख्न सक्नुहुन्न

तपाईंको पानीमा लिड छ कि छैन भनेर थाहा पाउने एक मात्र तरिका भनेको त्यसको परीक्षण गराउनु हो । परीक्षणको बारेमा थाहा पाउन NH राज्य प्रयोगशालालाई (603)-271-3445 मा वा कुनै पनि प्रमाणित निजी प्रयोगशालालाई सम्पर्क गर्नुहोस् ।

### तपाईंले आफ्नो पानीको नमूना लिँदा

- भान्साको धारा जस्तो तपाईंले खानेपानीको लागि प्रयोग गर्ने धारा रोज्नुहोस् ।
- घरमा कसैले पनि धारा खोलेर पानी बगाउन भन्दा पहिला सर्वप्रथम नमूना बोतल भर्नुहोस् । यसो गर्दा तपाईंले परीक्षण गराउने पानी रातभर पाइपमा नै रहेको थियो भनेर सुनिश्चित हुन्छ।
- पानीको नमूना प्रयोगशालामा नल्याउन्जेल सम्म त्यसलाई फ्रिजमा राख्नुहोस् । प्रयोगशालामा ल्याउँदा त्यसलाई आइस कुलरमा प्याक गरेर ल्याउनुहोस् ।




आफ्नो पानीको नतिजा पर्खदै गर्दा तपाईंले के गर्ने भन्ने बारेमा यस पानाको बायाँ छेउमा रहेको निलो बारमा रहेको जानकारी हेर्नुहोस् र आफ्नो पानीको परीक्षणको नतिजा प्राप्त भएपछि के गर्ने भन्ने बारेमा यस पृष्ठलाई पल्टाउनुहोस् ।

NH वातावरण सेवा, खानेपानी तथा भू-जल ब्यूरो विभाग

**1-603-271-2516**

# लिड विषाक्तता



HEALTHY HOMES
& LEAD POISONING
PREVENTION PROGRAM

# खानेपानीमा लिड

## मेरो पानीको परीक्षणको नतिजाको अर्थ के हुन्छ ?

### नपाइएको [Non-Detect (ND)] वा 1 ppb (ug/लिटर) वा .001 ppm (mg/लिटर) भन्दा कम

- केही पनि गर्नु पर्दैन

### 1 देखि 5 ppb (ug/लिटर) वा .001 देखि .005 ppm (mg/लिटर)

- हरेक बिहान प्रयोग गर्न भन्दा अगाडि एक मिनेटको लागि चिसो पानी बग्न दिनुहोस् । यसो गर्दा पाइपमा रातभर बसेको पानी बगेर जान्छ । साथै तपाई आफ्नो घरबाट बाहिर गएर आउँदा धाराको पानी बगाउनुहोस् ।
- पिउन र खाना बनाउनको लागि चिसो पानी मात्र प्रयोग गर्नुहोस् । यदि तपाईंलाई पिउन र खाना बनाउनको लागि तातो पानी आवश्यक परेमा पहिला धाराबाट चिसो पानी लिनुहोस् र त्यसलाई तताउनुहोस् ।
- शिशुको फर्मुला तथा खाना तयार गर्न बोतलको पानी प्रयोग गर्नुहोस् । यदि तपाईंलाई धाराको पानी नै प्रयोग गर्नुपरेमा तपाईंले सर्वप्रथम एक मिनेट सम्म धाराको पानी बगाएर चिसो पानी मात्र प्रयोग गर्नुहुन्छ भनेर निश्चित गर्नुहोस् ।
- आफ्नो धाराको टुटीको वातक सफा गर्नुहोस् जुन तपाईंको टुटीको अगाडिको जाली हो ।

### 5 देखि 15 ppb (ug/लिटर) वा .005 देखि .015 ppm (mg/लिटर)

*माथि लेखिएका कदमहरू चाल्नुहोस् र*

- लिडलाई हटाउने प्रमाणित पानीको फिल्टर जडान गर्नुहोस् । लिडलाई हटाउने ठूलो जग (गाग्री) तथा धाराको टुटीको फिल्टर पनि पाइन्छ तर प्याकेजलाई सावधानीपूर्वक पढ्नुहोस् । यसमा लिडलाई हटाउनको लागि Standard 53 अन्तर्गत NSF/ANSI द्वारा प्रमाणित छ भनेर लेखेको हुनैपर्छ ।
- माथिका सबै कदमहरू चालिसकेपछि लिड हटाउनमा यी कदमहरू कति प्रभावकारी छन् भनेर हेर्न लिड छ कि छैन भन्नको लागि पानीको परीक्षण गराउनुहोस् ।

### 15 ppb (ug/लिटर) वा .015 ppm (mg/लिटर) भन्दा बढी

*माथि लेखिएका कदमहरू चाल्नुहोस् र*

- यदि दोस्रो पटक पानीको परीक्षण गराउँदा पानीमा लिडको स्तर अझैंपनि 5 ppb भन्दा बढी देखिएमा आफ्नो घरमा लिडको श्रोत पत्ता लगाउने प्रयास गर्नुहोस् । लिड रहेको कुनै पनि प्लम्बिङलाई हटाउनुहोस् । लिडलाई नहटाउँदा सम्म बोतलको पानी पिउनुहोस् ।

NH वातावरण सेवा, खानेपानी तथा भू-जल ब्यूरो विभाग

**1-603-271-2516**